प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारबाट भएका गतिविधिहरु

**मिति २०७६/१०/१२ गते**

कोरोना भाइरस नियन्त्रण र प्रतिकार्यको लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशक डा विनोद विन्दु शर्माज्यूको अध्यक्षतामा प्रमुख अस्पताल, सामाजिक विकास मन्त्रालय, पोखरा महानगरपालिका प्रयोगशाला, होटल एसोसिएसन लगायतका संस्थाका प्रतिनिधिहरु सम्मिलित **टास्क फोर्स समिति गठन**

**मिति २०७६/१०/१२ गते**

पोखरा महानगरका अस्पतालका प्रतिनिधिहरु, कास्कीका स्थानीय निकायका प्रतिनिधिहरु सहित जिल्ला विपद व्यवस्थापन समितिको प्रमुख जिल्ला अधिकारी श्री रमेश कुमार के.सी ज्युको कर्यकक्षमा बसेको बैठकले निम्न निर्णयहरु गरेको छ |

- अस्पतालहरुमा भाइरसजन्य रोग उपचार तथा व्यवस्थापन कक्ष स्थापना गरि सतर्कताका साथ् व्यवस्थापन गर्ने
- कोरोना भाइरस र यसबाट बचे उपायका बारेमा विभिन्न प्रचार सामग्रीका माध्यमबाट प्रचार प्रसार गर्ने
- पोखरा विमानस्थल र पर्यटकको आगमन हुने अन्य ठाउँमा हेल्थ डेस्क स्थापना गर्ने
- सूचना, समन्वय र सहजीकरण गरि फोकल पर्सनका रुपमा स्वास्थ्य निर्देशनालयका बाबुराम आचार्यलाई जिम्मेवारी दिने

**मिति २०७६/१०/१३ गते**

प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र, पोखरामा स्वास्थ्य निर्देशक बिनोद बिन्दु शर्मा ज्युको अध्यक्षतामा नोवेल कोरोना भाइरस सम्बन्धि भिडियो कन्फरेन्स बैठक सम्पन्न

**मिति २०७६/१०/१५ गते**

टास्क फोर्सको प्रथम बैठक सम्पन्न उक्त बैठकले कोरोना भाइरस पूर्वतयारी तथा प्रतिकार्यको लागि निम्न निर्णयहरु गरेको

- पोखरामा लेकसाइड र पोखरा विमानस्थालमा सूचना प्रवाह र शंकास्पद विरामीको स्क्रिनिंगको लागि तत्काल हेल्थ डेस्क स्थापना गर्ने
- विश्व स्वास्थ्य संगठनलाई ५ सेट व्यक्तिगत सुरक्षा सामग्री (PPE) उपलब्ध गराउनको लागि अनुरोध गर्ने र स्वास्थ्य निर्देशनालयको तर्फबाट १००० पिस गुणस्तरीय मास्क तथा एप्रोन खरिद गर्ने
- नमुना संकलन, भण्डारण र ढुवानीको लागि WARUN ले सहयोग गर्ने
- स्वास्थ्यकर्मी लाई प्रादेशिक स्वास्थ्य आपतकालीनको समन्वयमा विभिन्न अस्पतालका चिकित्सक द्वारा अभिमुखीकरण प्रदान गर्ने
- मणिपाल शिक्षण अस्पताल, गण्डकी मेडिकल कलेज र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा क्रमश १५, १५ र ३ ओटा isolation bed संलग्न वार्ड स्थापना गर्ने

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

**मिति २०७६/१०/१६ गते**

स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र, पोखरामा पोखरा विमानस्थलमा हेल्थ डेस्क स्थापना गर्नको निम्ति स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण कार्यक्रम

**मिति २०७६/१०/१७ गते**

पोखरा विमानस्थाल र जोमसोममा स्वास्थ्यकर्मी, सूचना सामग्री र स्वास्थ्य उपकरण सहिल हेल्थ डेस्क स्थापना।

**मिति २०७६/१०/२० गते**

स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशक डा. विनोद विन्दु शर्माको अध्यक्षता र स्वास्थ्य मन्त्रालय, उपचारात्मक सेवा महाशाखाका प्रमुख डा. तारानाथ पोखेलको प्रमुख आतिथ्यतामा कोरोना भाइरस सम्बन्धि पूर्वतयारीको लागि गठित टास्क फोर्स एवं अन्य सरोकारवालाहरु सम्मिलित बैठक स्वास्थ्य निर्देशनालयमा सम्पन्न, बैठकले गरेका निर्णयहरु।

- प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको तर्फबाट रु पांच लाख बराबरको Personal Protective Equipment (PPE) खरिद गर्नको लागि अनुरोध गर्ने।
- शंकास्पद विरामीको नमुना संकलन गर्नको लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला, भण्डारण र ढुवानीको लागि WARUN प्रयोगशालाका प्राविधिकहरुको सहयोग लिने||। नमुना संकलन गर्नको लागि आवश्यक पर्ने व्यवस्थापकीय र आर्थिक व्ययभार स्वास्थ्य निर्देशनालयको तर्फबाट व्यवस्थापन गर्ने।
- स्वास्थ्य संस्थामै नमुना संकलन गर्नको लागि सम्बन्धित स्वास्थ्य संस्थाका प्रयोगशाला प्राविधिकहरुलाई अभिमुखीकरण प्रदान गर्ने। स्वास्थ्य संस्थामा शंकास्पद विरामी आएमा तुरुन्त प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) मा सम्पर्क गर्ने।
- सरुवा रोग र महामारीको प्रभावकारी दीर्घकालीन व्यवस्थापनको लागि प्रदेश स्तरमै सुविधासम्पन्न सरुवा रोग अस्पताल निर्माण गर्नको लागि प्रदेश र केन्द्र सरकारसंग पहल गर्ने।
- साप्ताहिक रुपमा टास्क फोर्स र सरोकारवालाहरुको को बैठक आयोजना गर्ने।

**मिति २०७६/१०/२७ गते**

निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रोजेक्ट म्यानेजर, चाइनिज कन्स्ट्रक्सन म्यानेजर र कन्ट्र्याक्टर संग भेट गरि चाइनिज कामदारको आवतजावतको बारेमा जानकारी लिईएको | सम्भावित संक्रमण र त्यसो भएमा अपनाउनुपर्ने सावधानी तथा पोखरामा आइसोलेसन वार्डको व्यवस्था गरिएका अस्पतालहरुको बारेमा जानकारी दिइएको | निकट भविष्यमै ठुलो संख्यामा चाइनिज कामदार आउने सम्भावना रहेकोमा पुर्व सावधानी अपनाउनुपर्ने कुरामा सचेत गराइएको।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

**मिति २०७६/११/१ गते**

सामाजिक विकास मन्त्रालयका सचिव ज्यु, निर्देशनालयका निर्देशक, महाशाखा प्रमुखहरु, WHO, ICAO का Health Emergency Experts, निर्देशनालयका कर्मचारीहरु, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा बिभाग, पोखरा महानगरपालिका, नागरिक उड्डयन कार्यालय, काठमाडौं र पोखरा बिमानस्थलका प्रतिनिधीहरुको उपस्थितीमा निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलमा अहिलेको कोरोना र अन्य संक्रामक रोगहरु देखियो भनेपनि त्यसका लागी प्रभाव न्युनिकरण गर्न मेडिकल अधिकृत सहितको कर्मचारी रहनेगरी संरचनाको ब्यबस्था गर्ने सम्बन्धमा बैठक बसी छलफल गरिएको।

**मिति २०७६/११/१८ गते**

- स्वास्थ्य निर्देशक डा विनोद विन्दु शर्मा सहितको टोलिद्वारा नवनिर्मित चरक मेमोरियल अस्पतालको भवनको निरिक्षण तथा अस्पतालद्वारा सम्भावित संक्रमणको जोखिमलाई मध्यनजर गरि २७ बेड सहितको आइसोलेसन वार्ड उपलब्ध गराउने प्रतिबद्धता व्यक्त
- कोभिड-१९ को पूर्वतयारी अवस्थाबारे केन्द्रबाट आएको टोलिलाई विश्व स्वास्थ्य संगठनका डा राजीव लालचनद्वारा गण्डकी प्रदेशमा भएका कार्यहरूबारे जानकारी प्रदान।

**टास्क फोर्सको तेस्रो बैठक स्वास्थ्य आपतकालीन कार्यसंचानल केन्द्रमा बसी निम्न निर्णयहरु गरिएको**

- सर्वसाधारण र समुदायमा व्यवस्थित रुपमा जनचेतनामुलक संदेश प्रवाह गर्ने प्रभावकारी उपाय को अवलम्बन गर्ने र स्कुलहरुलाइ समेत संलग्न गर्ने।
- प्रत्येक अस्पतालका इमर्जेन्सी र ओपिडीका कर्मचारीलाई अभिमुखीकरण प्रदान गर्ने र इमर्जेन्सीको अवस्थामा अस्पतालले सम्भावित संक्रमणका प्रतिकार्यका लागि चिकित्सक र नर्सलाई तोक्नुपर्ने।
- प्रयोगशालाका प्राविधिकहरुलाई नमुना संकलन र PPE प्रयोग गर्ने तरिकाबारे स्वास्थ्य निर्देशनालयद्वारा WARUN को सहयोगमा अभिमुखीकरण प्रदान गर्ने।
- तनहुँस्थित गिरिजाप्रसाद कोइराला स्वासप्रश्वास केन्द्रलाई र लेखनाथ नगरपालिकाको भवन लाई सम्भावित क्वारेन्टाइन बनाउनको लागि अध्ययन गर्ने।
- संक्रामक विरामीलाई अस्पताल पुर्याउन छुट्टै एम्बुलेन्सको व्यवस्था गर्ने।
- चरक मेमोरियल अस्पतालले नयाँ भवनमा २७ बेड र पुरानो भवनमा १० आइ.सी.यु सहित ३० बेड सहितको आइसोलेसन वार्ड उपलब्ध गराउने।
- VTM (Viral Transport Media) स्टकमा राख्ने।
- PPE खरिद प्रक्रियालाई उच्च प्राथमिकतामा राख्दै छिटोभन्दा छिटो अगाडी बढाउने।

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

**मिति २०७६/११/२३ गते**

विभिन्न अस्पतालमा कार्यरत चिकित्सक तथा प्रयोगशाला प्राविधिकहरुलाई PPE तथा नमुना संकलन गर्ने तरिका र संक्रमण रोकथाम गर्ने विधिबारे अभिमुखीकरण कार्यक्रम सम्पन्न। स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशक डा. विनोद विन्दु शर्मा द्वारा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कास्की जिल्लामा कार्यरत करिब ६० जना पत्रकारहरुसंग अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न।

**मिति २०७६/११/२५ गते**

सामाजिक विकास मन्त्रालयमा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरु सँग विभिन्न दश वटा विषयगत समिति गठन।

**मिति २०७६/११/२५ गते**

गण्डकी प्रदेशको भारतसंगको एकमात्र सिमा नाका विनय त्रिवेणी गाउँपालिका वार्ड न. ७ स्थिति गण्डक पुलमा हेल्थ डेस्क स्थापना।

**मिति २०७६/११/२७ गते**

सामाजिक विकास मन्त्रालयमा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको विशेष उपस्थितिमा सामाजिक विकास मन्त्रिज्यू तथा सचिवज्यू तथा प्रमुख जिल्ला अधिकारीज्यूको उपस्थितिमा विभिन्न अस्पताल प्रमुख र निर्देशकज्युहरुसंग तयारी छलफल भयो। कार्यक्रममा माननीय मुख्यमन्त्रीज्युले गण्डकी प्रदेशमा कुनै पनि अस्पतालमा कोरोना भाइरसको शंकास्पद विरामी आएमा आइसोलेसनमा राखी उपचार गर्न निर्देशन दिनुभयो। साथै उहाँले संघिय सरकारसंग गण्डकी प्रदेशमा विशिष्टकृत सरुवा रोग अस्पताल निर्माणको लागि सहयोग का लागि अनुरोध गरिएको कुरा समेत बताउनुभयो।

**मिति २०७६/११/२७ गते**

कास्की जिल्ला भित्र समाजसेवामा संलग्न रहेको नागरिक समाजका प्रतिनीधिहरुको टोली र स्वास्थ्य निर्देशनालयका निर्देशक डाक्टर बिनोद बिन्दु शर्मा बीच कोभिड-१९ को बारेमा अन्तरक्रिया सम्पन्न भयो।

**मिति २०७६/११/२९ गते**

कोरोना भाइरस संक्रमण, रोकथाम, उपचार र नियन्त्रणका लागि गठितप्रदेश स्तरीय समन्वय समितिका अध्यक्ष श्री हरिप्रसाद बस्याल ज्यूको अध्यक्षता र समितिका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपसिलका निर्णयहरु भयो।

***प्रस्ताव तथा निर्णयहरू***

१. पोखराका ५० बेडभन्दा बढीका सबै सरकारी तथा निजी अस्पतालहरूलाई आफ्नै बजेट/स्रोतमा कम्तिमा ५ बडक आइसोलेसन वार्ड तत्काल स्थापना गर्न र कम्तिमा १० थान Personal Protective Equipment (PPE) सट तयार राखी व्यवस्थापन गर्नका साथै ल्याबका कर्मचारीहरूलाई आवश्यक तालिमको व्यवस्था गर्ने र भेन्टिलेटरलाई चालु अवस्थामा राख्न लेखी पठाउने निर्णय गरियो।

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

२. पोखरामा क्वारेन्टाइन होमका निम्ति स्वास्थ्य तालिम केन्द्र, पोखरालाई पहिलो चरणमा उपयोग गर्ने गरी तोक्नुका साथै शिक्षा, बन, कृषि, भेटेरिनरी तालिम केन्द्रहरूलाई क्वारेन्टाइन होमको रूपमा प्रयोग गर्न तयारी अवस्थामा रहनका लागि लेखी पठाउने निर्णय गरियो

३. लायन्स क्लब सिसुवा सामुदायिक अस्पताललाई ५० बेडको डेडीकेटेड आइसोलेसन अस्पतालका रूपमा प्रयोग गर्ने गरी तयारी अवस्थामा राख्ने निर्णय गरियो।

४. देहायका ४ अस्पतालहरूले आइसोलेसन वार्ड सहित PPE को व्यवस्थापन गर्ने प्रतिवद्दता जनाईसकेकाले तयारी - अवस्थामा राख्न लेखी पठाउने निर्णय गरियो।

**तपसिलः**

मणिपाल शिक्षण अस्पताल, पोखरा – १५ बेड गण्डकी मेडिकल कलेज, पोखरा – १५ बेड चरक मेमोरियल अस्पताल, पोखरा - ३० बेड पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान. पोखरा – १० बेड, जी.पी.कोइराला श्वासप्रश्वास केन्द्र, तनहुँ - ३० बेड।

५. तत्कालका लागि PPE ५०० थान, इन्फ्रारेड थर्मोमिटर ५०० थान, मास्क २० हजार थान, सेनिटाइजर र डिसन्फेक्टेन्ट १०० लिटरका साथै आवश्यक PPE लगायतका सामग्रीहरू उपलब्ध गराइदिन संघीय सरकारलाई अनुरोध गर्ने र तत्कालका लागि INF लगायतका सहयोगी संस्थाहरूलाई यस्ता सामग्रीहरू सहयोग गरिदिन अनुरोध गर्ने निर्णय गरियो।

६. देहायका स्थानहरूमा हेल्थ डेस्क स्थापनाका लागि सम्बन्धित जिल्लाका प्र.जि.अ. ज्यहरूलाई अनुरोध गरी स्वास्थ्य चेक-जाँच प्रकृया तत्काल सुरु गर्ने निर्णय गरियो।

निम्नः त्रिवेणी,दाउन्ने, गैंडाकोट नवलपुर, मुग्लिङ्ग/आबुखैरेनी, तनहुँ, आरुघाट, गोरखा र बुर्तिबाङ्ग बागलुङ।

७. मुग्लिङ्ग/आबुखैरेनी, तनहुँ, गल्याङ स्याङ्जामा संचालित हेल्थ डेस्कले भारतबाट प्रवेश गरी आउने बस/गाडीहरूलाई विशेष निगरानीका साथ चेक-जाँच गरी सम्बन्धित निकायमा सूचना गर्ने निर्णय गरियो।

८. कोरोना भाइरस लगायत अन्य संक्रामक रोगको रोकथाम, नियन्त्रण र उपचार सम्बन्धि व्यवस्थाका विषयमा प्रदेशस्तरीय फोकल पर्सन र प्रवक्ताका रूपमा स्वास्थ्य निर्देशक डा.बिनोद बिन्दु शर्मा र सामाजिक विकास मन्त्रालय, चिकित्सा सेवा महाशाखाका प्रमुख डा.राम बहादुर के.सी. लाई तोकी नियमित संचार प्रवोधिकरण (DISSEMINATION) गर्ने निर्णय गरियो।

**मिति २०७६/१२/१ गते**

१. सामाजिक विकास मन्त्रालयको आयोजनामा मुख्यमन्त्रीको कार्यालयमा प्रदेश सरकारले कोरोना नियन्त्रण र रोकथामका लागि गरेको तयारिका बारेमा जानकारी दिन पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरियो।